दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक ३४७ | बुटवल | २०८१ पौष ०९, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday Dec.24, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**स्तन क्यान्सरका लक्षणहरु**

-स्तन वा काखी मुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
-स्तनको छालामा निको नहुने घाउ आउनु,
-स्तनको आकारमा परिवर्तन हुनु,
-स्तनको छाला सुन्तलाको बोक्रा जस्तो हुनु,
-स्तनको मुण्टाभित्र तर्फ जानु,
-स्तनको मुण्टाबाट रगत वा पीप बग्नु,
-स्तन दुख्नु वा सुन्निनु,
यस्ता कुनै पनि लक्षण देखिए तुरुन्त चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

## व्यवसायीको आशंका :

# सरकार नै गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल राम्ररी चलाउन चाहन्न

**पर्यटन मन्त्री बद्री पाण्डे भैरहवामै आएर नियमित अन्तर्राष्ट्रिय उडान हुनेमा शंका नगर्न आश्वासन दिएर गए पनि नभएको, रुपन्देहीकै अर्थमन्त्री विष्णु पौडेलले पनि देखिने गरी ठोस पहल नगरेको व्यवसायीको गुनासो छ ।**

**टिआर शर्मा**
*बुटवल*

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट मंसिर पहिलो साता एक नेपाली र ४ विदेशी एअरलाइन्सले अन्तर्राष्ट्रिय उडान शुरु गरेपछि रुपन्देहीका पर्यटन व्यवसायी र निजी क्षेत्र उत्साहित भए । उद्घाटनको साढे दुई वर्षसम्म ठप्प प्रायः विमानस्थलबाट एकसाथ कतार एयरवेज, थाई एयर एसिया, फ्लाई दुबई, जजीरा र नेपाल एयरलाइन्सले नियमित अन्तर्राष्ट्रिय उडान शुरु गरेपछि व्यवसायी उत्साहित नहुने कुरै भएन । तर उनीहरुको उत्साह एक महिना पनि टिकेन ।

एक महिना नबित्दै विदेशी ४ वटै एअरलाइन्सले भिजिबिलिटीको समस्या र कतिपयले यात्रु अभावको कारण देखाउँदै उडान रोकेका छन् । अहिले नेपाल एअरलाइन्सले मात्रै साताको तीनवटा अन्तर्राष्ट्रिय उडान गरिरहेको छ ।

अब जजीराले फेब्रुअरी १ बाट, थाई एअर एशियाले २६ डिसेम्बरबाट, फ्लाई दुबईले १३ जनवरीबाट उडान गर्ने भनेका छन् । विगतमा जस्तै यसपटक पनि विश्वस्त हुनसक्ने अवस्था नभएको व्यवसायीको आशंका छ । कतार एअरवेजले ३० नोभेम्बरसम्मको मात्र उडान अनुमति लिएको थियो । त्यस यता उडान गर्ने टुंगो छैन ।

जहाजलाई उडान गर्न १ हजार ८ सय मिटर भिजिबिलिटी चाहिन्छ । जाडो महिनामा हुस्सु लाग्दा भिजिबिलिटी कम हुन्छ । १ हजारभन्दा पनि कम भिजिबिलिटीमा पनि उडान गर्न 'इन्स्ट्रमेन्टल ल्यान्डिङ सिस्टम' (आइएलएस) विमानस्थलमा जडान छ । तर, 'एयर स्पेस इस्यु' का कारण भारतीय पक्षले नमान्दा त्यो सञ्चालन हुन सकेको छैन ।




सरकारले बाहिर भिजिबिलिटीको कारण देखाएपनि खासमा भैरहवा विमानस्थल राम्रोसँग चल्दा काठमाडौंको व्यवसायमा असर पर्ने भएकाले काठमाडौंका ठूला व्यवसायीको दबाब र प्रभावमा सरकारले नै विमानस्थल चलाउन नचाहेको आशंका स्थानीय व्यवसायीले गरेका छन् । विमानस्थल राम्ररी चल्न अत्यावश्यक श्रम स्वीकृति, मेडिकल जाँच, भिसा, म्यानपावर कम्पनीका शाखा, एअरलाइन्स कम्पनीका सम्पर्क कार्यालय भैरहवामा नहुँदा श्रमिक तथा व्यवसायीलाई काठमाडौं नै धाउनुपर्ने बाध्यताले यात्रु अभावको बहाना बनाउन एअरलाइन्स कम्पनीलाई सजिलो भएको व्यवसायीको तर्क छ । दोस्रो वा तेस्रोपटकको श्रम स्वीकृति नवीकरण अनलाइनबाट हुने भए पनि पहिलो पटकको श्रम स्वीकृतिका लागि काठमाडौं नै धाउनुपर्ने बाध्यता छ ।

'भिजिबिलिटीको समस्या बाक्लो हुस्सु लाग्दा बिहान मात्र हो, दिउसोमा त मौसम सफा नै छ,उडानको समय (सेड्युल) परिवर्तन गर्न सकिन्छ,' सिद्धार्थ उद्योग बाणिज्य संघका अध्यक्ष ठाकुरकुमार श्रेष्ठ भन्छन्-'सरकारले केही दिन पाँच वटा एअरलाइन्सका जहाज चलाएर भुलभुलैयामा पाऱ्यो उता त्रिभुवन विमानस्थल १० घण्टा बन्द गर्ने भनेकोमा ६ घण्टामा झारियो, मर्मतका लागि ६ महिना लाग्ने भनिएकोमा एक महिनामै ५० प्रतिशत काम सकिनुले गौतमबुद्ध विमानस्थल दीगोरुपमा चलाउन सरकारले नै चाहेको छैन कि भन्ने आशंका बढेको छ ।'

श्रम स्वीकृति, मेडिकल, विद्यार्थीको नो अब्जेक्सन सर्टिफिकेट लेटर जस्ता कामका लागि काठमाडौं नै जानुपरेपछि विदेश जाने यात्रुहरु काठमाडौंबाटै जहाज चढ्ने भएकाले गौतमबुद्ध विमानस्थल चलाउन सम्बन्धित सबै कार्यालय अविलम्ब भैरहवामा स्थापना गर्नुपर्ने श्रेष्ठको माग छ । पर्यटन मन्त्री बद्री पाण्डे भैरहवामै आएर नियमित अन्तर्राष्ट्रिय उडान हुनेमा शंका नगर्न आश्वासन दिएर गए पनि नभएको, रुपन्देहीकै अर्थमन्त्री विष्णु पौडेलले पनि देखिने गरी ठोस पहल गरेको नपाइएको अध्यक्ष श्रेष्ठले गुनासो गरे ।

'सरकारले एअरलाइन्सहरुलाई उडान तालिकाको मिति होइन, समय मात्र परिवर्तन गर्न लगाउनुपर्थ्यो, अर्थमन्त्रीले पनि सार्थक हस्तक्षेप गर्नसक्नुपर्थ्यो,' श्रेष्ठले भने-'काठमाडौंका होटेल र ठूला ट्राभल एजेन्सीको दबाब र प्रभावमा सरकार परेको प्रष्ट देखिन्छ, हामी निर्णायक आन्दोलनको तयारीमा छौं ।'

**हवाई नीति परिवर्तन गर्नुपर्छ**

'भिजिबिलिटी'को समस्या समाधान गर्न समयमै आइएलएस प्रविधिको विकल्पमा अर्को प्रविधि जडान नगर्नु र आवश्यक सरकारी कार्यालयहरु भैरहवामा स्थापना नहुँदा यात्रु अभाव हुने भएकाले विदेशी एअरलाइन्सले उडान रोकेको नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा)-लुम्बिनी अध्यक्ष चन्द्र थापाले बताए ।

भैरहवा विमानस्थलबाट चढ्ने यात्रु पर्याप्त हुन नदिन काठमाडौं केन्द्रित ठूला ट्राभल एजेन्सीले अन्तर्राष्ट्रिय हवाई टिकटमा कार्टेलिङ गरेकाले टिकट काट्न नपाएको थापाले गुनासो गरे ।

एअरलाइन्स कम्पनीहरुले भैरहवामा सम्पर्क कार्यालय पनि नखोलेका र स्थानीय ट्राभल एजेन्सीलाई टिकट काट्न पोर्टल खुला नगरेकाले ९५ प्रतिशत टिकट काठमाडौंबाटै बिक्री गरेको थापाले गुनासो गरे । 'काठमाडौंका ट्राभल एजेन्सीले एयरलाइन्ससँग सेटिङमा टिकट बेच्ने गरेका छन्,' थापाले गुनासो गरे-'पहिले सजिलै टिकट काट्दै आएकोमा अहिले विमानस्थल चलेपछि टिकट काट्न नै पाइएको छैन,यहांबाट काट्दा महंगो पर्ने बनाइएको छ ।'

दुबईबाट काठमाडौं अवतरण गर्ने टिकटको दरभन्दा भैरहवा अवतरण गर्ने टिकट दर धेरै महँगो पर्ने बनाइएकाले त्यो टिकट दरको अन्तर घटाउनुपर्ने थापाले माग गरे ।

» बाँकी ३ पेजमा

## रविको सांसद पद गुम्यो, कार्यवाहक सभापति अर्याल




बुटवल। संसद् सचिवालयले सूचना जारी गर्दै रवि लामिछाने निलम्बनमा परेको जानकारी गराएको छ । यसअघि रास्वपाका नेताहरु सभामुख देवराज घिमिरेलाई भेटेर निलम्बनमा नराख्न अनुरोध गरेका भए पनि प्रहरीको पत्रपछि संसद्ले निलम्बनमा राखेको सूचना जारी गरेको हो । लामिछाने अब मुद्दाको किनारा नलागेसम्म निलम्बनमा रहनेछन् । उनीविरुद्ध कास्की जिल्ला अदालतमा सम्पत्ति शुद्धीकरण अभियोगमा आइतबार मुद्दा दायर भएको थियो ।

यसैबिच राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले उपसभापति डीपी अर्याललाई कार्यवाहक सभापति बनाउने निर्णय गरेको छ । पार्टी सचिवालय बैठकले कार्यवाहक सभापतिको जिम्मेवारी अर्याललाई दिने निर्णय गरेको कार्यवाहक प्रवक्ता मनिष झाले जानकारी दिए । रास्वपामा डा. स्वर्णिम वाग्ले र अर्याल उपसभापति छन् । तर, रास्वपा सभापति रवि लामिछानेकै सिफारिसमा अर्याललाई कार्यवाहक तोकिएको झाले बताए ।

## श्रीमतीको हत्या गर्ने पक्राउ

बुटवल । बुटवल उप-महानगरपालिका ११ माझगाउँ बस्ने करिब २६ वर्षीय सागर बिकले अन्दाजी २१ /२२ वर्षीया अञ्जना बिकको ज्यान लिएका छन् ।

करिब २ बजेतिरको समयमा घरमै बसिरहेका सागरले अञ्जनालाई टाउकोमा सिलौटाले हानेर हत्या गरेको इलाका प्रहरी कार्यालय बुटवलका डीएसपी विजयराज पण्डितले जानकारी दिए । उनले सागरलाई नियन्त्रणमा लिइसकिएको र शवलाई पोष्टमार्टम गर्नको लागि लुम्बिनी प्रादेशिक अस्पताल बुटवल पुऱ्याइएको जानकारी दिए ।

## अशान्त लुम्बिनी



भैरहवा । विभिन्न मागसहित लुम्बिनी विकास कोषको कार्यालयमा धर्ना दिन पुगेका स्थानीय र प्रहरीबिच झडप भएको छ । प्रहरीले विरोध प्रदर्शनमा उत्रेका स्थानीय महिलाहरुमाथि बल प्रयोग गर्दा दोहोरो झडप भएको हो ।

लुम्बिनी बचाउ महाअभियान र लुम्बिनी विकास कोषबिच यसअघि भएको १२ बुँदे सम्झौता कार्यान्वयन नभएको भन्दै स्थानीयले कोषको केन्द्रीय कार्यालय लुम्बिनीमा प्रदर्शन गरिरहँदा प्रहरीले बल प्रयोग गर्दै भवन बाहिर पुऱ्याएका थिए । सो क्रममा केही समय लुम्बिनी विकास कोष परिसर तनावपूर्ण अवस्था सिर्जना भएको थियो । प्रहरीले प्रदर्शनकारीमाथि बल प्रयोग गर्दा केही स्थानीयहरु घाइते भएको समेत बताएका छन् ।

मायादेवी मन्दिरभित्र परम्परागत पूजापाठ गर्न पाउनुपर्ने, अदालतको आदेश विपरीत लगाइएको मायादेवी मन्दिर प्रवेश शुल्क खारेज गर्नुपर्ने, उत्खनन्काबेला प्राप्त मूर्ति र अस्तुधातुलगायतका सामग्री खोजीगरी लुम्बिनीमै पुनर्स्थापित गर्नुपर्नेलगायतका मागसहित विरोध प्रदर्शन गरिरहेका स्थानीयलाई प्रहरीले धक्कामुक्की र लाठी समेत प्रहार गर्दै कार्यालय हाता बहिर निकालेको थियो । प्रदर्शकारी महिलाहरुलाई चोटपटक लागेपछि आक्रोसित स्थानीयले ढुंगामुढा समेत गरेका थिए ।

लुम्बिनी बचाउ महाअभियानका संयोजक अकरामुद्दीन खाँनले कार्यालय घेराउ गर्न आएका महिलाहरुमाथि प्रहरीले दमन गरेको आरोप लगाए । 'सम्झौताहरु कार्यान्वयन किन नभएको भन्दै कार्यालय घेराउ गर्न पुगेको स्थानीयहरुमाथि प्रहरीले लाठी प्रहार गरेको थियो,' उनले भने-'लुम्बिनी विकास कोषले सम्झौता कार्यान्वयन नगरे अब कडा अन्दोलनमा उत्रिनेछ ।' मायादेवी मन्दिरमा पूजा गर्ने परम्परालाई बन्देज लगाई लुम्बिनी विकास कोषमा जग्गा दान दिएकाहरुलाई अवहेलना गर्दै कर्मचारी भर्ना गरिएको उनले बताए । यसैगरी मायादेवी मन्दिरमा प्रवेशको लागि लगाइएको टिकट शुल्क खारेज गर्न माग रहेको उनले बताए ।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रहरी नायब उपरीक्षक सुरज कार्कीले प्रहरीले कुनै किसिमको बल प्रयोग नगरेको बताए । कार्यालयभित्र रहेका भीडलाई नियन्त्रण गर्न सबैलाई बाहिर मात्र निकालिएको प्रहरी नायब उपरीक्षक कार्कीले बताए ।

झडपपछि क्षेत्रका स्थानीय थप आक्रोशित भएका छन् । लुम्बिनी विकास कोषको भूमिका र सम्झौताको कार्यान्वयनमा देखिएको ढिलाइले लुम्बिनीको शान्त वातावरणमा असर परेको उनीहरूको भनाइ छ । यस घटनाले लुम्बिनीको शान्तिका प्रतीककारूपमा रहेको क्षेत्रलाई थप विवादास्पद बनाएको छ ।

» बाँकी ३ पेजमा

## दलितसम्बन्धी कानुन निर्माणमा प्रदेश र स्थानीय सरकारको उदासिनता



**फूलमाया सुनार**
*बुटवल*

दलित समुदाय समाजमा सबैभन्दा बहिस्करण र विभेदमा पारिएका छन् । संविधानले सैद्धान्तिकरुपमा दलितको राज्यका सबै तहमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरेको छ भने जातका आधारमा हुने सबै किसिमको भेदभावलाई गम्भीर सामाजिक अपराध करार गरेको छ । यसका साथै भूमिहीन दलितलाई भूमि प्रदान गर्ने, निःशुल्क छात्रवृत्तिसहित शिक्षाको अधिकार दिने, आवासविहीन दलितलाई आवासको अधिकार प्रदान गरेको छ भने परम्परागत पेशाको आधुनिकीकरण र औद्योगिकीकरण गर्ने व्यवस्था पनि संविधानले सुनिश्चित गरेको छ । संविधानमा उल्लेख गरिएका यी अधिकारको व्यवहारिक कार्यान्वयनका लागि प्रदेश सरकार र स्थानीय सरकारले आवश्यक ऐन, नीति र कार्यक्रम निर्माण गरी लागू गर्नुपर्छ । तर संघीयता कार्यान्वयनमा आएको सातवर्ष पुग्दा पनि दलित समुदायले ती अधिकारको व्यवहारिक अभ्यास गर्न पाएका छैनन् । दलित समुदायको अधिकार सुनिश्चितताका लागि मधेस प्रदेश र सुदूरपश्चिम प्रदेशले दलित सशक्तिकरण ऐन निर्माण गरेका छन्, तर अन्य प्रदेशमा त्यस्ता कानुनी व्यवस्था भएका छैनन् ।

लुम्बिनी प्रदेश, कर्णाली र कोशी प्रदेशले पनि बिगतमा दलितसम्बन्धी ऐन निर्माणको प्रयास गरेका थिए । तर, ती प्रदेशको अघिल्लो कार्यकालमा ती विधेयक पारित भएनन् । लुम्बिनी प्रदेशले भने दलित अधिकार ऐन निर्माणको प्रक्रिया थालनी गरेको छ । लुम्बिनीको सामाजिक विकास समितिका यमबहादुर नेपाली भन्छन्-'लुम्बिनी प्रदेशमा दलित अधिकार ऐन निर्माणका लागि सामाजिक विकास समितिले अग्रसरता लिइरहेको छ । यसका लागि समितिकै आयोजनामा ऐनको अवधारणामाथि प्रदेश सरकार र सरोकारवालाबिच छलफल सुरु भइसकेको छ ।' उनका अनुसार दलित अधिकार ऐनको प्रारम्भिक अवधारणाबारे बुटवलमा छलफल गरिएको थियो भने दाङमा पनि यस विषयमा छलफलको आयोजना गरिएको थियो ।

उनका अनुसार ऐनको अवधारणाबारे प्रदेशस्तरका दलित अगुवा, सामाजिक संघसंस्था, प्रदेशसभा सदस्य र प्रदेशसभाका पूर्व सदस्य तथा सरोकारवालाबिच यस्तो छलफल भइरहेको छ ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# अर्गानिक मललाई प्रवर्द्धन गर

नेपालको व्यापार घाटाको एउटा हिस्सा विदेशबाट आयात गरिने रासायनिक मल हो। रासायनिक मलमा नेपाल सधैं विदेशमा निर्भर हुनुपर्ने बाध्यता छ। वर्षेनी अर्बौं रुपैयाँको रासायनिक मल विदेशबाट खरिद गर्नुपर्ने बाध्यता छ। त्यो पनि समयमा नपाउँदा किसानले वर्षेनी सास्ती बेहोर्न बाध्य छन्। मलकै लागि किसानले आन्दोलन समेत गर्नुपर्ने विडम्बना छ। जुन कृषिप्रधान मुलुक लागि लज्जाको विषय हो। यद्यपि रासायनिक मलले खेतीयोग्य माटोको उर्बरा शक्ति क्षयीकरण गर्दै लगेको छ। माटोलाई नकारात्मक असर गरेको छ। अर्कोतर्फ रासायनिक मलको प्रयोगबाट उत्पादित खाद्यान्नले मानव स्वास्थ्यमा नराम्रो असर पारिरहेको छ। तराई क्षेत्रमा रासायनिक मलको व्यापक प्रयोगका कारण मानिसमा विभिन्न प्रकारका स्वास्थ्य समस्या निम्तिएको स्वास्थ्य क्षेत्रका जानकार र डाक्टरहरु बताउँछन्।

यही परिवेशमा रुपन्देहीमा ३० करोड लगानीमा नेपालकै हालसम्मकै ठूलो अर्गानिक मल उद्योग सञ्चालनमा आएको छ। यसबाहेक सानो लगानीका अर्गानिक मल उद्योगहरु देशका विभिन्न जिल्लामा सञ्चालित छन्। तर सरकारले अर्गानिक मललाई प्रवर्द्धन गर्नेतिर खासै चासो दिएको देखिन्न। सरकारले अर्गानिक मललाई प्रोत्साहन र प्रवर्द्धन गर्ने हो भने निजी क्षेत्रले देशलाई आवश्यक पर्ने परिणामको अर्गानिक मल स्वदेशमै उत्पादन गर्न सक्ने बताइरहेका छन्। रुपन्देहीको रोहिणीमा व्यवसायी दम्पति सिद्धार्थ अग्रवाल र पुनमकुमारी अग्रवालले ग्रो मोर फर्टिलाइजर एण्ड केमिकल प्रालिले मात्रै दैनिक दुई सय मेट्रिक टन मल उत्पादन गरिरहेको छ। उद्योगले वार्षिक एक लाख मेट्रिक टन उत्पादन गर्न सक्ने बताएको छ। नेपालमा वार्षिक ५ लाख ३० हजार मेट्रिक टन डीएपी मलको माग हुने गरेको छ। राज्यको अर्गानिक मल मैत्री नीति हुने हो भने आफू र अन्य उद्योगीले मलमा नेपाललाई आत्मनिर्भर बनाउन सक्ने बताउँछन्। माटो र मानव स्वास्थ्य दुबैको सुरक्षाका लागि अर्गानिक मललाई प्रवर्द्धन गर्नु अपरिहार्य देखिन्छ।

व्यवसायिक उत्पादन थालेको छोटो समयमै एउटै उद्योगले नेपालका ३० जिल्लामा बजार विस्तार गर्न सकेको उदाहरणले राज्यले प्रोत्साहन र प्रवर्द्धन गरेमा अरु लगानीकर्ता पनि अर्गानिक मल उद्योगमा आकर्षित भई मुलुकलाई आत्मनिर्भर बनाउन सक्ने राम्रो संभावना छ। अर्गानिक मल रासायनिक मलको तुलनामा मूल्य पनि सस्तो र गुणस्तरीय हुने भएकाले किसानलाई पनि राहत हुन्छ। अर्गानिक मल प्रवर्द्धनका लागि रासायनिकमा जस्तै अनुदानको व्यवस्था, स्थानीय तहमा अर्गानिक मल प्रयोगलाई अनिवार्यको नीति र किसानलाई अर्गानिक मलको महत्व र फाइदाबारे देशव्यापी जनचेतना वृद्धिका कार्यक्रम ल्याउनुपर्ने देखिन्छ। तीनै तहका सरकारले स्वदेशी अर्गानिक मलको खपत बढाउने नीतिगत व्यवस्था गरेमा रासायनिक मल आयातमा बर्सेनि बाहिर जाने अर्बौं रकम जोगिने मात्र नभई विश्वव्यापीरुपमा रासायनिक मलको अभाव भइरहेका बेला अर्गानिक मल भारत निर्यात गरेर विदेशी मुद्रा आर्जन गर्न सकिने राम्रो संभावना छ।

सरकारले अर्गानिक मललाई प्रवर्द्धन गर्ने नीति, योजना र कानुन बनाउने हो भने रासायनिक मल आयातमा बर्सेनि विदेशिने अर्बौं रुपैयाँ जोगाई व्यापार घाटा सन्तुलनमा ल्याउन योगदान गर्न सकिने छ।

# एनपीएलले उघारेको सपना



डा. शोभाकर पराजुली




देशको खेल इतिहासमै पहिलोपटक भएको नेपाल क्रिकेट लिग (एनपीएल) को भव्यताले आम खेल क्षेत्रमा एक प्रकारको उत्साह र उमङ्ग छाएको छ। यो नेपालको सबैभन्दा धेरै धनराशि लगानी गरिएको पहिलो घरेलु प्रतियोगिता हो। यसले देशीय मात्रै नभई अन्तर्राष्ट्रियरुपमा पनि चर्चा बटुल्न सफल भयो। यसले नेपाली खेल र खेलाडीको अन्तर्राष्ट्रिय परिचय उचाइमा पुऱ्याएको मात्रै छैन, बरु खेल क्षेत्रको विकासमा नयाँ आयाम पनि थपिदिएको छ।

जसरी नेपाली खेलाडीको अन्तर्राष्ट्रिय परिचय उँचो भएको छ, त्यो भन्दा अग्लो नेपाली क्रिकेटको परिचय अन्तर्राष्ट्रियस्तरका खेलाडीहरूले पनि बनाइदिएका छन्। एनपीएलमा सहभागी आठ फ्रेन्चाइज समूहका लागि विभिन्न देशबाट आएका दर्जन बढी अन्तर्राष्ट्रिय खेलाडीले नेपाल र नेपाली खेलकुदलाई विश्व मञ्चमा पहिचान पुऱ्याउन सहयोग पुगेको छ। विदेशी खेलाडी नेपालको घरेलु प्रतियोगितामा भाग लिन आउँदा नेपाली खेलाडीमा उत्साह मात्रै सञ्चार भएको छैन, बरु उनीहरूले नेपालको प्राकृतिक र नेपाली भूगोलको समेत परिचय विश्वमाझ पुऱ्याएका छन्। यसरी हेर्दा क्रिकेटको यो घरेलु महाकुम्भले खेलमात्रै नभएर आर्थिक, सामाजिक र पर्टकीय हिसाबले पनि देशलाई निकै फाइदा पुगेको छ र सँगसँगै क्रिकेटको यो महामेलाले खेलको मनोरञ्जन मात्रै नभएर देशको अर्थतन्त्रलाई एउटा दिगो दिशा पनि दिएको छ। योसँगै एनपीएलएले सामाजिक एकता तथा साम्प्रदायिक सद्भावको सुगन्ध पनि छरेको छ।

नेपालमा धेरै प्रकारका खेलहरू छन्। ती सबका आआफ्ना महत्व, मान्यता र इतिहास छन्। तिनले हाम्रो समाजलाई भावना र आत्मीयरुपमा पनि जोडिआएका छन्। कुनै कुनै खेलहरू यस्ता पनि छन्, जसले समुदायको पहिचान बोकेका हुन्छन्, इतिहास बोकेका हुन्छन्। ती आफैँमा हाम्रा समाजिक र सांस्कृतिक पहिचान पनि बनेका छन्। कतिपय खेलले नेपाललाई अन्तर्राष्ट्रियरुपमा चिनाइरहेका छन्। त्यस्तै पछिल्लो समय नेपाललाई चिनाउने एउटा आयाम बनेको छ, क्रिकेट पनि।

क्रिकेटको विश्व इतिहास सदियौं लामो छ। १६ औं शताब्दीको शुरुआततिर बाहिर खेलिन थालेको यो खेल नेपालमा भने १९औं शताब्दीतिरमात्रै शुरुआत भएको देखिन्छ। त्यो बेलाको राजनीतिक र सामाजिक व्यवस्था अनि अवस्थाका कारण यो खेल कुनै बेला दरबारका पर्खालभित्र मात्रै सीमित थियो। अर्थात् शासकहरूले आफ्नो परिवारको मनोरञ्जनका लागि मात्रै यो खेल खेल्न शुरु गरेका थिए। शासकीय दायराबाट विस्तारै गल्ली र मैदानसम्म आइपुगेको क्रिकेटले अहिले चौतर्फी उत्साह थपिरहेको छ। साँघुरा गल्ली, खेलबारी र अप्ठ्यारा मैदानबाट उठेर नेपाली क्रिकेट अहिले विश्वस्तरीय प्रतिस्पर्धासम्म पुगिसकेको इतिहास छ। यो खेलको साँघुरो इतिहास अहिले यो निकै विराट भइसकेको छ र अझ उज्यालो भविष्यको यात्रामा अघि बढिरहेको छ। १६औं शताब्दीतिर युरोपबाट सुरु भएको यो खेल अब विश्वभरि फैलिइसकेको छ। र, यो खेल अब मात्रै मनोरञ्जनका लागि मात्रै रहेन, बरु क्रिकेट अब कैयौ राष्ट्रका लागि अर्थतन्त्रको एउटा हिस्सा बनिसकेको छ।

नेपालमा कुनै बेला बेलायततिरको सिको गरेर राणाहरूले आफ्ना सन्तान र परिवारबिच मनोरञ्जनका लागि पर्खालभित्र सुरु गरेको क्रिकेट अहिले हरेक नयाँ जन्मिने बालकको सपना बनिसकेको छ। त्यसैमा उनीहरूले भविष्य देखिरहेका छन् र खोजिरहेका छन्। नेपालमा राणा शासनकालदेखि नै क्रिकेटको सुरुआत भएको देखिन्छ। २००४ सालमै नेपालमा क्रिकेट सङ्घ गठन भएको थियो तर त्यसले २०५२ सालमा आएर मात्रै अन्तर्राष्ट्रिय क्रिकेट सङ्घबाट मान्यता पायो। यद्यपि, दरबारका पर्खाल नाघेर आम नागरिकस्तरमा क्रिकेट खेल २००६ सालदेखि नै खेल्न शुरु भएको इतिहासहरू भेटिन्छन्।

सुधार र आधुनिकतातिर झुकाव राख्ने कतिपय राणा शासकहरूले जनस्तरमै त्यो बेलादेखि क्रिकेट खेलाउन शुरु गरेका थिए। १९१९तिर दरबार हाइस्कुलमा क्रिकेट खेलाइएको थियो तर खुल्लारुपमा २०३७ सालतिर मात्रै राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिता आयोजना भयो। यस प्रतियोगितामा अञ्चलस्तरीय समूहहरू सहभागी भएका थिए। त्यसपछि विस्तारै गति लिन थालेको क्रिकेटले २०४६ साल तथा २०६३ सालपछि व्यावसायिकरुपमा पनि गति लिन थाल्यो। यसरी शासकको दरबारिया पर्खाल अनि साँघुरा गल्ली र घाँसे मैदानहरू हुँदै अहिले नेपाली क्रिकेट अब अन्तर्राष्ट्रियस्तरसम्म पुगिसकेको छ। नेपाल अब एकदिवसीय क्रिकेटको मान्यता प्राप्त राष्ट्र मात्रै होइन, विश्वकपको प्रतिस्पर्धासम्म पुगिसकेको देश बन्न सफल भएको छ। पुरुष क्रिकेट मात्रै नभएर नेपालको महिला क्रिकेट पनि अहिले विश्वस्तरीय प्रतिष्पर्धामा भाग लिनसक्ने भइसकेको छ।

खासगरी अहिले क्रिकेट खेल एशियाली राष्ट्रहरूको एउटा ढुकढुकीका रुपमा स्थापित भइरहेको छ। छिमेकी भारतमा त यो खेल हरेक नागरिकको आस्थाजस्तै बनिसकेको छ। यहाँ क्रिकेटलाई मनोरञ्जन, आर्थिकोपार्जन अनि व्यवसाय मात्रै होइन, यसलाई त धेरै भारतीयले आफ्नो राष्ट्रियताको मानकसमेत बनाइसकेका छन्। अर्थतन्त्रका हिसाबले हेर्ने हो भने त विश्व क्रिकेटको आधाभन्दा बढी हिस्सा भारतकै देखिन्छ। यसमा लगानी गर्नेहरूको तँछाडमछाँड मात्रै होइन, त्यसले गर्दा धेरै खेलाडीको जीवनस्तर पनि उकासिएको छ। अहिले भारतमा ससाना प्रतियोगिताहरू मात्रै होइन, टोलटोलका क्रिकेट खेलाडीहरूको समेत प्रमुख आर्थिक र जीवनको आधार यही खेल बनेको छ र विस्तारै नेपालमा पनि अब हरेक खेलाडीले क्रिकेट खेलेरै जीवन धान्ने आधारहरू तयार भइरहेका छन्। भर्खरै सम्पन्न एनपीएलको पहिलो संस्करण त्यसकै एउटा जीवन्त उदाहरण हो। एनपीएलको पहिलो संस्करणमै देखिएको लगानीको उत्साहले नेपालको अर्थतन्त्रलाई चलायमान बनाएको छ। यसको शुरुआती भव्यताले एकातिर क्रिकेटमाथि लगानी सम्भावनाका ढोकाहरू खुलेका छन् भने यसबाट अरु व्यापार व्यवसायमा पनि फाइदा नै पुगेको छ। नयाँ पुस्ताका खेलाडीहरूलाई आकर्षित गर्न मदत गरेको छ भने स्थापित खेलाडीहरूलाई पनि अब भविष्यका लागि देशै छोड्नुपर्ने बाध्यता हट्दैछ भन्ने सन्देश दिएको छ। खेल खेलेरै नेपालमा पनि आरामदायी जीवन बाँच्न सकिन्छ भन्ने एनपिएलले छोडेको छ।

हरेक खेल जति व्यक्ति वा उसको व्यक्तिगत स्वास्थ्य तथा मनोरञ्जनका लागि आवश्यक छ, त्यत्तिकै राष्ट्र र राष्ट्रियताका लागि पनि खेलक्षेत्र सबल हुन जरुरी छ। तर हाम्रो राज्यको नीतिगत तहमै खेल क्षेत्रलाई उतिसारो प्राथमिकता दिएको देखिँदैन। त्यसमा पनि खेल अनि खेलाडीको वृत्तिविकासका लागि गठन भएका सङ्घसंस्थाहरूमै राजनीति घुस्दा अझ तहसनहस हुँदै गइरहेको अवस्था छ। टोलका गल्लीहरू हुँदै अन्तर्राष्ट्रिय मैदानसम्म पुगिसकेको नेपाली क्रिकेटको अवस्था पनि त्यो भन्दा फरक छैन। क्रिकेटमात्रै होइन, अहिलेसम्म जति पनि खेलमा नेपालको नाम गाँसिएको छ, त्यो सब मात्रै खेलाडीको आफ्नो मेहनत र परिश्रमबाट मात्रै सम्भव भएको देखिन्छ। राज्यले न खेल क्षेत्रमा लगानी गरेको छ न खेलाडीलाई प्रोत्साहन गर्न सकेको छ।

अन्तर्राष्ट्रियस्तरसम्म पुगिसकेको क्रिकेटको हकमा पनि राज्यको यही र यस्तै उदासिनता छ। अहिलेसम्म नेपालमा अन्तर्राष्ट्रिय मापदण्डअनुसारको क्रिकेट मैदानसमेत छैन। अन्तर्राष्ट्रिय क्रिकेट संघको आधिकारिक मान्यता पाइसकेपछि २०५५ सालमा नेपालले पहिलोपटक अन्तर्राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिताको आयोजना गर्ने मौका पाएको थियो। त्यही मौकामा कीर्तिपुर र पुल्चोकमा क्रिकेट मैदानहरू बनेका थिए। यद्यपि, पहिलोपल्ट भएको त्यो अन्तर्राष्ट्रियस्तरको एसिसी ट्रफीमा नेपाल सबै खेलहरूमा पराजित भयो। तथापि, त्यसबाट नेपालमा क्रिकेटको व्यावसायिक यात्राको शुरुआत भएको मानिन्छ। त्यो बेला बनेको क्रिकेट मैदान नेपालमा ठूला प्रतियोगिताहरू खेल्ने र खेलाउने एकमात्रै रङ्गशाला हो। यति हुँदासम्म पनि राज्यले रंगशालालगायत खेल क्षेत्रको भौतिक बिकासमा खासै उदार भएको देखिंदैन। ठाउँठाउँमा मैदानहरू बन्न शुरु भए पनि राज्यले त्यसको अपनत्व नलिँदा ती लथालिङ्ग अवस्थामा छन्।

खेल क्षेत्रको यो भौतिक दूरावस्थासँगै कैयौं खेलाडीको पनि त्यस्तै अवस्था छ। एनपीएलकै बेला थाहा भयो विश्वभरि थुप्रै त्यस्ता राम्रा नेपाली खेलाडीहरू पनि छन्। यही प्रतियोगिता खेल्नका लागि विश्वका ठूल्ठूला क्लबहरूमा खेल्ने नेपाली मूलका खेलाडीहरू पनि एनपीएलमा सहभागी भए। उनीहरूलाई नेपालमै बस्ने वातावरण बनाउनु राज्यको दायित्व हो। त्यस्तै मैदानहरूको अन्तर्राष्ट्रिय मापदण्डअनुसारको स्तरोन्नतिले अरु पनि थुप्रै अन्तर्राष्ट्रियस्तरका प्रतियोगिताहरू यहाँ खेलाउन सकिन्छ भन्ने सन्देश पनि एनपीएलले छोडेको छ। एनपीएलको पहिलो संस्करणमा खेलाडी, खेल क्षेत्र वा आर्थिक तथा सामाजिक क्षेत्रमा जुनखालको उत्साह, उमङ्ग र गतिशीलता देखिएको छ त्यसलाई राज्यले अवसरका रुपमा लिनुपर्छ। सबैभन्दा पहिला खेल क्षेत्रमा झाँगिएको राजनीतिको अन्त्य हुनुपर्छ। अनि राज्यले नीतिगत तहमै खेल क्षेत्रको भौतिक विकास र खेलाडीको व्यक्तिगत जीवनका लागि निर्णायक भूमिका खेल्नुपर्छ। राससबाट

# इलाका प्रशासन रामपुरबाट राहदानी तथा राष्ट्रिय परिचयपत्र सेवा सुरु



रामपुर (पाल्पा)। इलाका प्रशासन कार्यालय रामपुरमा तोकेअनुसारको दरबन्दी व्यवस्थापन नहुँदा सेवा प्रवाहमा समस्या थपिएको छ। कार्यालयबाट राहदानी तथा राष्ट्रिय परिचयपत्र सेवा सुरुआत भए पनि जनशक्ति व्यवस्थापन नहुँदा सेवा दिन कार्यालयलाई समस्या परेको जनाइएको छ।

कार्यालयमा यही पुस ३ गतेदेखि राहदानी तथा राष्ट्रिय परिचयपत्र सेवा थप गरिएको थियो। तर कर्मचारी अभावमा काम गर्न समस्या भएको कार्यालय प्रमुख गणेशबहादुर कार्कीले बताए।

उनले भने-"कर्मचारीको अभाव भए पनि हामीले निकै कष्टका साथ सेवा दिएका छौँ, हालसालै राहदानी तथा परिचयपत्र सेवा थपिएको छ तर हामीसँग जनशक्ति छैन, दरबन्दी अनुसारको कर्मचारी व्यवस्थापन नहुँदा कार्यालयको कामकाजमा समस्या छ।" राहदानी सेवाका लागि तीनवटा कम्प्युटर आवश्यक पर्छ तर कार्यालयमा हाल एउटा मात्रै कम्प्युटर छ।

कार्यालयमा एक कार्यालय प्रमुख, एक नायब सुब्बा, दुई खरिदार, एक सहायक लेखापाल, एक कम्प्युटर अपरेटरको स्थायी दरबन्दी छ। तर हाल एक कार्यालय प्रमुख, एक सहायक लेखापाल, एक कम्प्युटर अपरेटर स्थायी दरबन्दीमा र दुईजना कार्यालय सहयोगी, एक सरसफाइ कर्मचारी कार्यरत छन्।

रामपुर नगरपालिकाले प्रशासन कार्यालयको सेवालाई सहज बनाउन एक जना कर्मचारी काजमा खटाएको नगर प्रमुख रमणबहादुर थापाले बताए। हाल कार्यालयमा राष्ट्रिय परिचयपत्र पञ्जीकरण विभागबाट यही पुस ३ गतेदेखि एकजना कम्प्युटर अपरेटरको व्यवस्था गरिएको छ।

कार्यालयमा दैनिक औसत एक सयजना सेवाग्राही आउने गरेका छन्। अहिले दैनिक नेपाली नागरिकता ४० देखि ४५, राष्ट्रिय परिचयपत्र ३५ देखि ४०, सेवा शुभारम्भ भएको दिनदेखि हालसम्म दशवटा राहदानी सेवा दिइएको कार्यालयले जनाएको छ।

रामपुर-४ भीमसेनटोल बस्ने विष्णुमाया केसीले गाउँघरमा नै सेवा पाउँदा स्थानीयलाई धेरै राहत पुगेको बताइन। कार्यालयमा राहदानी तथा राष्ट्रिय परिचय सेवा थालनी भएपछि पहिलो सेवाग्राहीका रुपमा राहदानी सेवा लिएकी केसीले खुसी व्यक्त गर्दै यहीँबाट सेवा विस्तार गर्न पहल गर्ने सबैलाई धन्यवाद दिएकी छिन्। "सानो बच्चाका कारणले राहदानी बनाउन सदरमुकाम तानसेन जान सकिरहेकी थिइन्, अहिले भने गाउँमा सेवा सुरु गरेपछि हामीलाई सजिलो भयो।"-उनले भनिन्।

यही पुस ३ गते कार्यालयको नवनिर्मित भवन उद्घाटन, राहदानी र राष्ट्रिय परिचयपत्र सेवा विस्तार कार्यक्रममा सरिक हुँदै गृहमन्त्री रमेश लेखकले प्रशासन कार्यालयमा कर्मचारी तथा कुनै उपकरण, सामग्रीको अभावमा सेवा अवरुद्ध हुन नदिने प्रतिबद्धता जनाएका थिए। नागरिकलाई सरल किसिमले सेवा दिनु सरकारको पहिलो दायित्व भएकाले यस कार्यालयमा जनशक्ति, सामग्री अभावले सेवा रोकिने वातावरण नहुन नदिने गृहमन्त्री लेखकले विश्वास दिलाए।

रामपुर नगरपालिका-५ स्थित बेझाड बजारमा अवस्थित प्रशासन कार्यालयको चौध कोठासहितको साढे दुई तलाको नयाँ भवन निर्माण गरी सञ्चालनमा छ। रु चार करोड ५६ लाख ७७ हजार पाँच सय ७१ बराबरको लागतमा गत असारमा भवन निर्माण सम्पन्न भएको हो। आधुनिक प्रविधिबाट निर्माण भएको अपाङ्गमैत्री कार्यालय भवनसँगै सुरक्षा कर्मचारी गृह (गार्ड हाउस), चमेनागृह तथा पर्खाल निर्माण गरिएको छ।

सेवा विस्तारसँगै राहदानी र राष्ट्रियपत्रका लागि सदरमुकाम तानसेन पुग्नुपर्ने बाध्यता सधाका लागि हटेको छ। कार्यालयको आफ्नै भवन नहुँदा सेवा प्रवाहमा समस्या हुँदै आएको थियो। विसं २०७३ मा तत्कालीन गृहमन्त्री शक्तिबहादुर बस्नेतले कार्यालय स्थापनाको शुभारम्भ गरी सेवा प्रारम्भ भएको हो।

# नेप्से परिसूचक २८ दशमलव ९१ अङ्कले बढ्यो



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सोमबार २८ दशमलव ९१ अङ्क अर्थात् एक दशमलव ११ प्रतिशतले बढेर दुई हजार छसय १२ दशमलव २० विन्दुमा पुगेको छ।

नेप्सेका अनुसार विभिन्न तीन सय २८ कम्पनीका ८९ लाख आठ हजार आठ सय ५१ कित्ता शेयर ५५ हजार नौसय ३८ पटक खरिदबिक्री हुँदा रु चार अर्ब ४३ करोड २४ हजार छसय तीनमा कारोबार भएको छ।

कारोबारपछि सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड र सुपर मादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। साथै बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको नौ दशमलव ९९ प्रतिशत, बलेफी हाइड्रोपावर लिमिटेडको नौ दशमलव ९३ प्रतिशत र नेपाल हाइड्रो डेभलपर्स लिमिटेडको शेयर मूल्य आठ दशमलव ८६ प्रतिशतले बढेको छ।

त्यसैगरी मानुसी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लाग्दा कूल ४२ वटाकम्पनीको शेयर मूल्यमा रातो देखिएको छ। नेप्सेका अनुसार कर्पोरेट डेभलपमेन्ट बैंकको तीन दशमलव १६ प्रतिशत, पिपुल्स पावर लिमिटेडको दुई दशमलव ३१ प्रतिशत, ग्लोबल आइएमई ब्यालेन्स्ड फन्ड-१ को एक दशमलव ९० प्रतिशत र आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य एक दशमलव ८६ प्रतिशतले ओरालो लागेको छ।

**सरकार...**

टिकट बिक्रीको सिण्डिकेट अन्त्य गर्न लुम्बिनीका मुख्यमन्त्रीसँग पटक-पटक आग्रह गरे पनि सुनुवाइ नभएकाले कतै गौतमबुद्ध विमानस्थल चल्न नदिन केन्द्रदेखि प्रदेश सरकारकै मिलेमतो छ कि भन्ने शंका लागेको थापाले गुनासो गरे।

पर्यटन व्यवसायी सञ्जय बजिमय भैरहवाबाट उडान गर्ने सबै एयरलाइन्सको टिकट काउन्टर र सम्पर्क कार्यालय विमानस्थलमा हुनुपर्ने, अनलाइन ई-भिसा र इन्टरनेसनल डिजिटल डाइरेक्ट पेमेन्ट प्रणाली हुनुपर्ने बताउँछन्।

टिकट बिक्रीमा भइरहेको कार्टेलिङ अहिलेकै अवस्थामा रहे गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल दिगोरूपमा सञ्चालन हुनेमा शंकैशंका रहेको बजिमयले बताए।

ट्राभल व्यवसायी सागर अधिकारीले विमानस्थल दिगो सञ्चालन गर्न बौद्धमार्गी बाहुल्य देशबाट भैरहवामा सिधा उडान हुनुपर्ने बताए। एक महिना भएका उडानमध्ये थाई एयर एसिया र जजिराले मात्र आफ्नो देशबाट भैरहवामा सिधा उडान गरेको र अरूले ट्रान्जिटमात्र बनाएकाले त्यो पर्याप्त नभएको उनको भनाइ छ।

'विमानस्थल दिगो सञ्चालन गर्न लुम्बिनीमा बौद्धमार्गी बाहुल्य देश चीन, भियतनाम, म्यानमार, श्रीलंका, भुटान, जापानलगायतबाट सरकारले सिधा उडानको उच्चस्तरीय पहल गर्नुपर्छ।'- उनको सुझाव छ।

**'आरएनपी एआर' प्रविधि लागु हुँदैछ'**

भैरहवा विमानस्थलका प्रवक्तादीपक कुमार बज्राचार्यले भिजिबिलिटी समस्या समाधान गर्न आइएलएसको विकल्पमा 'आरएनपी एआर' प्रविधि लागु गर्न ४२ दिने सूचना प्रकाशित गरिसकिएको बताए।

'आरएनपी एआर प्रविधि आइसकेको छ,४२ दिने सूचना पनि प्रकाशित गरिसकेका छौं, सबै प्रकृया पूरा गरेर कार्यान्वयनमा आउन केही समय त लाग्छ नै,' बज्राचार्यले भने-'प्राविधिक विषय भएकाले ठ्याक्कै यही मितिबाट सुरु हुन्छ भन्न सकिन्न।'

**अशान्त...**

स्थानीयले आफ्नो माग पूरा नभएसम्म आन्दोलनलाई जारी राख्ने चेतावनी दिएका छन्।

विश्वले लुम्बिनीलाई शान्ति भूमिको रुपमा परिभाषित गर्दै गौतमबुद्धको पवित्र जन्मभूमिको महिमा गाइरहेको बेला लुम्बिनीमा सानातिना विषयमा नकारात्मक समाचारहरु बाहिर आउँदा यसको अस्तित्वमाथि प्रहार हुनेतर्फ न त कोषका पदाधिकारी जिम्मेवार छन् न त आवेशमा तालाबन्दी गर्ने स्थानीयहरु नै।

वृहत्तर लुम्बिनीको अवधारणा सार्वजनिक गरिरहँदा स्थानीयहरुले बारम्बार एउटै विषयमा असन्तुष्टी जनाउनु पर्ने बाध्यात्मक अवस्था सृजना गरिनुमा कोषका पदाधिकारीहरु नै जिम्मेवार छन्। पर्खालभित्र लुम्बिनीलाई परिभाषित गरेर कोष अगाडि बढ्दा आफ्नो जायजेथा सुम्पेका स्थानीयको जीवनस्तर उकास्नेतर्फ लुम्बिनीमा आउने अहिलेसम्मका कुनै पनि पदाधिकारीले ठोस कदम चाल्न सकेका छैनन्।

**दलितसम्बन्धी...**

यसका साथै दलित अधिकार ऐन निर्माणका सवालमा प्रदेशको सामाजिक विकास समिति र अन्य संसदीय समितिको नेतृत्व, सामाजिक विकास मन्त्री, मुख्यमन्त्री र राजनीति दलको नेतृत्वसँग पनि छलफल भइरहेको छ। यसका साथै सामाजिक समितिकै अग्रसरतामा दलित अधिकार ऐनको मस्यौदाको तयारी पनि भइरहेको समिति सभापति यमबहादुर नेपालीले बताए।

**किन आवश्यक दलित ऐन**

जनगणना २०७८ अनुसार नेपालमा दलित समुदायको जनसंख्या ३९ लाख चार सय ६९ छ। यो कुल जनसंख्याको १३ दशमलव ४ प्रतिशत हो। लुम्बिनी प्रदेशमा पनि दलितको जनसंख्या करिब १४ प्रतिशत रहेको छ। दलित समुदायमाथिको ऐतिहासिक विभेद र बहिस्करणको अन्त्यका लागि केही मात्रामा संवैधानिक र कानुनी व्यवस्था भएका छन्। तर विभेदकारी राज्यव्यवस्थाकै कारण राजनीतिक बहिस्करण, गरिबी, अशिक्षा र अभावको जीवन बाँचिरहेका लुम्बिनी प्रदेशका दलित अधिकारको व्यवहारिक कार्यान्वयनका लागि प्रदेशमा दलित अधिकार स्थापित गर्ने ऐनको आवश्यकता भएको हो। प्रदेशमा निर्माण हुने यस्तो ऐनले दलितको संवैधानिक र कानुनी अधिकारको अभ्यास गर्न सहज बनाउँछ भने प्रदेशमा दलितको आवश्यकताका आधारमा नीति निर्माण गर्ने, योजना बनाउने र जातीय विभेद अन्त्यका लागि कार्यक्रम सञ्चानका लागि दलित अधिकार ऐनले मार्गदर्शन दिने भएकोले पनि यस्तो ऐनको आवश्यकता परेको अधिकारकर्मीहरु बताउँछन्।

लुम्बिनी प्रदेश सरकारले नीति तथा कार्यक्रम र बजेटसम्बन्धी छलफलमा सामाजिक विकास र सामाजिक न्यायको सवाललाई प्राथमिकता नदिएको लुम्बिनी प्रदेशसभा सदस्य लोका विक बताउँछिन्। उनी भन्छिन्-'प्रदेशसभा सदस्यले दलित अधिकार ऐनको आवश्यकताबारे सवाल उठाउँदा दलितका लागि मात्र विषय उठाएको भनेर प्रतिप्रश्न गर्ने गरिन्छ। हामी दलित समुदायकै प्रतिनिधिको रुपमा प्रदेशसभामा प्रतिनिधत्व गर्छौं, त्यसैले दलित अधिकार स्थापित गर्न दलित सांसदले सशक्तरुपमा दलित अधिकार ऐनको विषय संसदमा उठाइरहेका छौं।'

लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तीले संविधानले दिएको सिद्धान्तलाई आधार मानेर लुम्बिनी प्रदेशसभा दलित अधिकार ऐनको विषयमा छलफलको चरणमा रहेको बताउँछन्। उनी भन्छन्-'दलित अधिकार विधेयक तयार गर्न सामजिक विकास समितिसँग निरन्तर छलफल भइरहेको छ। यसको निमित्त सामाजिक विकास समितिले सुझाब संकलन गर्ने र सरकारलाई पनि यो ऐन निर्माणका लागि आग्रह गरिरहेको छ। सरकारले यही हिँउदे अधिवेशनमा दलित अधिकार विधेयक पेश गर्नेगरी तयारी भइरहेको छ।'

सरकारका प्रवक्ता दिनेशप्रसाद पन्थी भन्छन्-'दलित समुदायका सांसद र अधिकारकर्मीले दलित अधिकार ऐन बनाउनु पर्ने आवाज उठाइरहेका छन्। उहाँहरुको मागलाई सरकारले पनि महत्व दिएको छ। यस विषयमा सामाजिक विकास समितिले विभिन्न छलफल चलाएको छ। छलफलको निचोडपछि मस्यौदा बन्छ र संसदीय प्रक्रियाअनुरुप दलित अधिकार ऐन प्रदेशसभाबाट पारित हुन्छ।'

दलित अधिकार ऐन अत्यावश्यक : जनप्रतिनिधि

लुम्बिनी प्रदेशले मात्रै होइन दलित अधिकार सुनिश्चित गर्न र दलितमाथिको विभेद अन्त्यका साथै जीवनस्तर उकास्नका लागि स्थानीय तहले पनि दलितसम्बन्धी ऐन, कानुन र नीति निर्माण गर्न सक्छन्। यसका लागि स्थानीय सरकारले नै पहलकदमी लिनुपर्छ भने समुदायको सवालका दृष्टीले दलित समुदायका स्थानीय कार्यपालिका सदस्यले यस्ता मुद्दा उठाउनुपर्छ। तर, दलित कार्यपालिकाका सदस्य धेरैले यो कुरा उठान गरेको पाइँदैन। कतिपय दलित समुदायका प्रतिनिधिलाई यस विषयमा ज्ञानको कमी भएका कारण यी मुद्दालाई प्रभावकारीरुपमा उठाउन सकेका छैनन् भने कतिपय दलित समुदायका जनप्रतिनिधिले स्थानीय कार्यपालिकामा आफ्नो सवाल दर्ज गर्न असहज भएका कारण पनि समस्या भएको छ। स्थानीय तहका दलित समुदायका कार्यपालिका सदस्य भन्छन्-'स्थानीय तहको मुख्य नेतृत्वले दलित समुदायको सवाल, भावना र नीतिगत आवश्यकता बोध नगरेका कारण पनि दलितसम्बन्धी नीति र कार्यक्रम बन्न सकेका छैनन्।' रुपन्देहीको सैनामैना नगरपालिका कार्यपालिका सदस्य सुरज बराल भन्छन्-'दलित समुदायका कार्यपालिका सदस्यमा एकातिर कतिपय दलित समुदायका जनप्रतिनिधिमा दलित अधिकारका सवालमा ज्ञानको कमी छ भने कतिपय अवस्थामा यस्ता विषयलाई स्थानीय सरकारले प्राथमिकता नै दिने गरेका छैनन्। त्यसैले पनि दलितसम्बन्धी नीति र कार्यक्रम बनाउन कठिनाइ परिरहेको छ।'

लुम्बिनी सांस्कृतिक नगरपालिका उपप्रमुख कल्पना हरिजनले दलित ऐनको विषयमा छलफल नै हुन नसकेको बताइन्। उनका अनुसार दलित ऐन कसरी र कस्तो बनाउने भन्नेबारे अरु पालिकाको अभ्यास हेर्ने र त्यसअनुसार छलफल अगाडि बढाउने योजना छ। स्थानीय तहले चाहेको खण्डमा स्थानीय सरकारले दलित समुदायका सवालमा ऐन निर्माण गर्न सक्छ भन्ने उदाहरण तुलसीपुर उप-महानगरपालिकाले देखाएको छ। तुलसीपुर उप-महानगरपालिकाले 'दलित सशक्तिकरण ऐन, २०७९' पारित गरी कार्यान्वयन सुरु गरेको छ। ऐनको कार्यान्वयनका लागि तुलसीपुरले कार्यविधि निर्माणका साथै ऐन कार्यान्वयन समिति पनि गठन गरिसकेको छ।

स्वभाविकरुपमा दलित अधिकारको अभ्यासका लागि स्थानीय सरकारले दलितसम्बन्धी कानुन र नीतिको व्यवस्था गर्नुपर्छ। कानुनै नबनेको अवस्थामा पनि दलित अधिकारका लागि काम गर्न भने सकिन्छ।

रुपन्देहीको तिलोत्तमा नगरपालिकाले दलित प्रोफाइल तयार गरेको छ भने दलित रणनीति पनि तयार पारेको छ। जसले दलित समुदायको कार्यक्रम हित, अधिकार र योजनाको दीर्घकालिन योजना लागू गरेका छन्। तिलोत्तमा नगरपालिकाका कार्यपालिका सदस्य सुरेन्द्र श्री भन्छन्-'संविधानमा भएका दलित अधिकारको कार्यान्वयनका लागि कार्यपालिकाले केही पहल गरेको छ। यद्यपि, ऐन नै निर्माण गर्दा अझ प्रभावकारी हुने भएकोले त्यस दिशातिर पनि छलफल सुरु भएको छ।'

दलितसम्बन्धी संवैधानिक व्यवस्था र कानुनको प्रभावकारी कार्यान्वयन

संविधानको धारा २४ मा छुवाछूत भेदभावविरुद्धको हकको व्यवस्था गरिएको छ। यसैगरी धारा ४० मा दलितको हकको व्यवस्था छ भने धारा ४२ मा सामाजिक न्यायको हकको व्यवस्था गरिएको छ। यी सबै संवैधानिक व्यवस्थाले दलितको राजनीतिक प्रतिनिधित्वको अधिकार र विभेदबाट मुक्तिको अधिकार प्रदान गरेको छ। यी संवैधानिक र कानुनी व्यवस्था कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहले पनि दलितसम्बन्धी कानुनी व्यवस्था गर्न जरुरी छ। यति मात्रै होइन, बनेका कानुनी व्यवस्थाको पनि प्रभावकारी कार्यान्वयन हुन आवश्यक छ।

सातवटा प्रदेशमध्ये मधेस प्रदेश र सुदूरपश्चिम प्रदेशले दलित सशक्तिकरण ऐन पारित गरेका छन्। ती ऐनले छुवाछूत तथा भेदभावविरुद्ध मौलिक हकलाई आत्मसात गरेका छन् भने दलितको सामाजिक, सांस्कृतिक, राजनीतिक, नागरिक, आर्थिक, शैक्षिक अधिकार प्रदान गरेका छन्। मधेस प्रदेशमा दलित सशक्तिकरण ऐन बनेपछि अन्य प्रदेशमा पनि यस्तो ऐनको आवश्यकताबारे बहस भइरहेको छ। समग्रमा दलितको उत्थान, विकास र सशक्तिकरणका लागि यस्ता ऐनले निकै महत्वपूर्ण भूमिका खेल्छ। तर, बनेका यस्ता ऐन र नीतिको भने प्रभावकारी रुपमा कार्यान्वयन हुनुपर्छ। दलित सरोकार मञ्च नेपालका कार्यकारी निर्देशक भोला पासवान भन्छन्-'मधेस प्रदेशको दलित सशक्तिकरण ऐन बने पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। ऐन कार्यान्वयनमा राजनीतिक नेतृत्व इमान्दार नहुँदा ऐनकागजी अधिकारमै सीमित हुन पुगेको छ। प्रदेश सरकारले आवश्यक स्रोतसाधन र जनशक्ति उपलब्ध गराएर यो ऐनको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ।'

लेखक तथा अध्येता जेबी विश्वकर्मा भन्छन्-'दलित समुदायको संवैधानिक र कानुनी अधिकार कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहले आवश्यक कानुनी र नीतिगत व्यवस्था गर्नैपर्छ। कानुन र नीति निर्माण गर्ने मात्रै होइन, त्यसको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश र स्थानीय सरकारलाई जवाफदेही बनाउन दलित समुदायका जनप्रतिनिधि, अधिकारकर्मी र सचेत नागरिकले निरन्तर खबरदारी गरिरहनुपर्छ। अन्यथा बनेका ऐन, नीति र कार्यक्रम केवल औपचारिकताका लागि मात्रै हुन पुग्छन्, जसले दलित समुदायका बहुआयमिक समस्या हल गर्न सक्दैन।' अभियान्ता लक्ष्मी श्रेष्ठका अनुसार सरकारले दलित अधिकार ऐनले सरकारलाई दलित समुदायका सवालमा नीति बनाउन र बजेट विनियोजन गर्नको लागि बाध्यकारी बनाउन सक्छ।

उनी भन्छिन्-'नेपालमा दलितको संवैधानिक कानुनी अधिकार स्थानीयस्तरमा कार्यान्वयन गर्न, स्थानीयस्तरमा दलित समस्यालाई सम्बोधन गर्न, समाजमा रहेको राज्यको सबै निकायमा समावेशी बनाउन, जातीय विभेद गर्न नपाउने र सामाजिक, आर्थिक, शैक्षिक जीवन राम्रो बनाउन राज्यले नीति र कार्यक्रम बनाउन र लागू गर्नुपर्ने व्यवस्था छ। स्थानीय सरकारले पनि आवश्यक ऐन कानुन र नीति बनाउन आवश्यक छ।'

# सियारीमा पाँचौं राष्ट्रपति रनिङ शिल्ड हुँदै



सियारी। रुपन्देहीको सियारी गाउँपालिकाको आयोजनामा पाँचौं सियारी शैक्षिक महोत्सव तथा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता हुने भएको छ।

गाउँपालिकाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक तथा शारीरिक विकासमा लक्षित गरेर राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता गर्न लागिएको गाउँपालिका अध्यक्ष थानेश्वर घिमिरेले जानकारी दिए। पुष ९ गतेदेखि १२ गतेसम्म सियारी ५ पब्लिक माध्यमिक विद्यालयमा हुने प्रतियोगिताको तयारी पूरा भएको गाउँपालिका अध्यक्ष थानेश्वर घिमिरेले जानकारी दिए। विद्यालयस्तरमा रहेका प्रतिभालाई छनौट गरी उत्कृष्ट खेलाडीहरुलाई जिल्लास्तरीय हुँदै प्रदेश र राष्ट्रिय प्रतियोगितामा समावेश गराउने उद्देश्यले रनिङ शिल्ड आयोजना गरिएको गाउँपालिकाका शिक्षा युवा तथा खेलकुद विकास शाखा प्रमुख सुधीर पौडेलले जानकारी दिए।

प्रतियोगितामा सियारी गाउँपालिका भित्रका २५ सामुदायिक, ६ संस्थागत र २ मदरसासहित ३३ विद्यालयको सहभागिता रहनेछ। प्रतियोगिताअन्तरगत विभिन्न विधामा खेल हुनेछन् भने साहित्यिक विधामा पनि प्रतिस्पर्धा हुने जनाइएको छ।

प्रतियोगितामा खेल विधातर्फ दौड, भलिबल, कबड्डी, लङजम्प, हाइजम्प, ज्याभलिन थ्रो, गणित दौड हुने छन् भने साहित्य विधातर्फ चित्रकला प्रतियोगिता, निबन्ध प्रतियोगिता, नेपाली र अंग्रेजी हस्तलेखन, अंग्रेजी हिज्जे, वक्तृत्वकला, हाजिरीजवाफलगायतका कार्यक्रम हुने छन्।


## बिमा लेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८१।०८।०६ गते प्रतापपुर वडा नं. ९ घरदेखि परासी आउने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनुहुन बिनम्र अनुरोध छ।

नाम : सन्ध्या कुमारी चमार
C/O जवाहिर चमार
ठेगाना : प्रतापपुर वडा न- ९ ,नवलपरासी
बिमालेख न : २५१११२०१०
मोबाइल : ९८२४४२५५०४

## ECHS कार्ड हराएको सूचना

मेरो निम्न व्यहोरा भएको ECHS कार्ड यही मिति २०८१।०८।२२ गते अमरपथदेखि कालिकानगर घर जाँदै गर्दा हराएको हुँदा भेटाउनु हुने महानुभावहरुले नजिकैको प्रहरी चौकी अथवा निम्न ठेगानामा सम्पर्क गरी बुझाइदिनु होला।

नामः लाल कुमारी खत्री
ठेगानाः- बुटवल-११, कालिकानगर, रुपन्देही
ECHS कार्ड नं.:- ६५४३२१
NE :- ०००० ०७५० ८५६०
मोबाइल नं.:- ९८४७०४५८०५

## खाना पकाउने ग्यास प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरु

- रेगुलेटर र Hose pipe (ग्यास पाइप) NS प्रमाण चिन्ह प्राप्त मात्र प्रयोग गर्ने।
- ग्यास पाइपको लम्बाई १.५ मिटर भन्दा कम हुन नहुने।
- सिलिन्डर भन्दा ग्यास चुल्हो माथि हुनुपर्ने।
- सिलिन्डर खरिद गर्दा सिलिन्डरको शिल हेरेर मात्र खरिद गर्ने, सिलिन्डरको म्याद गुज्रेको छ छैन हेर्ने साथै सिलिन्डर प्रयोग गर्न खरिद गरी लैजाँदा गुडाउने काम गर्नु हुँदैन, कुच्चिएका सिलिन्डर खरिद नगर्ने।
- नयाँ सिलिन्डर फेर्दा सिलिन्डरको भल्भबाट ग्यास लिक भएको नभएको पानी हाली जाँच गर्ने।
- बिक्रेताबाट ग्यास सिलिन्डरको खरिद गर्दा तौल यकिन गरी मात्र सिलिन्डर खरिद गर्ने।
- सिलिन्डरको खुद तौल यकिन गरी मात्र नयाँ सिलिन्डरको खरिद गर्ने। तौल यकिन गर्दा खुद तौलको १५० ग्राम भन्दा बढी कम भएमा खरिद नगर्ने। त्यस्तो सिलिन्डर बजारमा भेटिएमा गुणस्तर तथा नापतौल कार्यालयमा उजुर गर्ने।
- ग्यास सिलिन्डर प्रयोग गरिसकेपछि चुलो र रेगुलेटर दुवै बाट बन्द गरी राख्ने।
- ग्यास सिलिन्डरलाई अन्य आगोका स्रोतहरुको नजिक नराख्ने।
- ग्यास प्रयोग गर्दा ऊनी, सिल्क वा त्यस्तै खाले आगोले चाँडै टिप्ने लुगा नलगाउने।
- झ्यालढोका खुला राखेर ग्यास बाल्नुपर्ने, ग्यास चुल्होको बर्नर सफा राख्नुपर्ने, कम्तीका हरेक दुई/दुई वर्षमा रेगुलेटर र पाइप फेर्नुपर्ने।
- नेपालमा बिक्री भइरहेका ग्यास सिलिन्डरको माथिल्लो समाउने भागमा भित्रपट्टी एक्सपायर मिति लेखिएको हुन्छ। पातामा अंग्रेजी अक्षर A देखि D सम्मका कुनै अक्षरसँग २ वटा अंक लेखिएको हुन्छ। अक्षरले एक्सपायर हुने महिनालाई र अंकले एक्सपायर हुने वर्षलाई संकेत गर्दछ। अंग्रेजी मिति अनुसार महिना र वर्ष उल्लेख गरिएको त्यस्तो मिति हेरेर मात्र ग्यास किन्नुपर्नेछ।
- महिना जनाउने देहायका अंग्रेजी अक्षरहरुले देहाय बमोजिमको महिना बुझाइन्छ।
- A लेखिएको छ भने जनवरीदेखि मार्च
- B लेखिएको छ भने अप्रिलदेखि जुन
- C लेखिएको छ भने जुलाइदेखि सेप्टेम्बर -
- D लेखिएको छ भने अक्टोबरदेखि डिसेम्बर

**(उदाहरणका लागि कुनै सिलिण्डरमा A (२३) लेखिएको छ भने त्यसको अन्तिम म्याद सन् २०२३ को मार्चसम्म मात्र हुन्छ।)**

अनुरोधक
**घरेलु तथा साना उद्योग कार्यालय**
नवलपरासी (ब.सु.प.)

## Malika Rural Municipality
Arkhawang,Gulmi

## Invitation for Bids

**Date of publication: 24 -December, 2024**

1. Malika Rural Municipality, Arkhawang, Gulmi invites electronic bids from eligible bidders for the procurement of worksas specified below under.
2. A complete set of Bidding Documents may be purchased from the office Malika Rural Municipality Arkhawang, Gulmi by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee as specified below till the respective dates. Electronic Bidding Document is available online and can be downloaded from PPMO's website http://www.bolpatra.gov.np/egp, The Bidders have to download the necessary part of bidding documents, prepare their bid and submit electronic bids as specified in the Instructions to Bidders. The Bidder shall be required to deposit the non-refundable fee as specified below and electronic scanned copy (pdf format).

   **Information to deposit the cost of Bidding Document in Bank:**
   Name of the Office: Malika Rural Municipality, Arkhawang, Gulmi.
   Name of Bank: Global IME Bank Ltd. (Branch of Malika Gulmi)
   Office Account No: **36004010000006**
   **Account Name: Ga-1.1 Antarik Rajaswo Khata (Malika Ga. Pa.)**
3. Bids must be submitted to the office before respective dates. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders representatives who choose to attend at **respective date and time** at the office of Malika Rural Municipality, Arkhawang, Gulmi
5. Bids must be valid for a period of (A/C to bid documents) days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated below deposited at (StaniyaTahaDharautiKhata (malikaga pa), A/CNo.: **36004010000004**) on behalf of Malika Rural Municipality, Arkhawang, Gulmi or bid bond authorized from a recognized commercial bank of Nepal, which shall be valid for minimum 30 days beyond the bid validity period.
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
7. Incase confusion contact on 9857067906,9851129149,within office time.The name, identification number and other details of the contracts are as follows:

| SN | Contract Name | Identification No. | Estimated Amount exclusive of VAT | Bid Document Fee (NRS) | Bid security Amount (NRS) | Last Date of Bid Submission | Bid Opening Date | Mode |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Phulbari Chorkate Arjai Boma Neta Bhimgithe Sadak P2 | OMRM-GUL-W-NCB-36-2081/082 | 1,02,09,829/- | 3,000/- | 2.90,000/- | 23-01-2025 12:00 | 23-01-2025 13:00 | Online |

**Chief Administrative Officer**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

दैनिक लुम्बिनी

# बेरूजु हुनै नदिनेगरी काम गरौं: मुख्यमन्त्री आचार्य



देउखुरी । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले आर्थिक अनुशासन कायम गर्न प्रदेश सरकारले बेरुजु हुनै नदिनेगरी काम गर्ने बताएका छन् ।

महालेखापरीक्षकको कार्यालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको समन्वयमा सोमवार राप्ती उपत्यका देउखुरीमा आयोजना गरेको लेखापरीक्षण, बेरुजु फछ्र्यौट र सम्परीक्षणसम्बन्धी प्रदेशस्तरीय अन्तर्क्रिया तथा छलफल कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले बेरुजु फछ्र्यौटलाई प्राथमिकतामा राखेर काम गर्न मातहतका निकायलाई निर्देशन दिए ।

'सुरुका दिनमा बेरुजु थिएन । बिचमा बेरुजु बढेर गयो । त्यसलाई घटाउन जरुरी छ,' उनले भने-'सुशासन र जवाफदेहीता कायम गर्न बेरुजुलाई शून्यमा झार्ने सरकारले रणनीति बनाएको छ ।'

बेरुजु घटाउन कर्मचारीको कार्यसम्पादन मूल्यांकनमा बेरुजु फछ्र्यौटलाई अनिवार्य समेट्नुपर्ने मुख्यमन्त्री आचार्यले बताए । 'कर्मचारीको कार्यसम्पादन मूल्यांकनको एउटा आधार बेरुजु फछ्र्यौलाई बनाउनुपर्छ,' उनले भने-'अनि कर्मचारी तहबाट यसलाई चासोको रुपमा लिने हुन्छ ।'

प्रदेश सरकारले बेरुजुलाई घटाउने विषय रणनीतिक योजनाहरुमा समेटेर अघि बढाएको, कर्मचारी तहमा जारी गरेको १४ बुदे निर्देशनले समेत सम्बोधन गरेकाले आगामी दिनमा सुधार हुने विश्वास व्यक्त गरे । प्रदेश तहमा जनशक्तिको अभावलाई समाधान गर्नेगरी लोकसेवा आयोगले कर्मचारी छनोट, बढुवाको कामलाई अघि बढाएकाले कार्यसम्पादन सहज रुपमा हुनेमा जोड दिए ।

संघीय सरकारले समानिकरणको अनुदान रकम प्रदेशमा नपठाउदा दुई अर्ब बढीको भुक्तानीको भार प्रदेशमा थपिएको मुख्यमन्त्री आचार्यले बताए । 'यसरी संघीय सरकारले समानिकरण अनुदान रकम नपठाउने, प्रदेशमा भार थपिने अवस्था छ । यसलाई कसरी हुन्छ सम्वोधन जरुरी छ,' उनले भने-'सालबसाली र सम्पन्न योजनाको भुक्तानीमा बढी समस्या छ ।'

महालेखा परीक्षक तोयम रायाले सुशासन कायम गर्ने भूमिकालाई प्रभावकारी बनाउन बेरुजु फछ्र्यौटलाई प्राथमिकतामा राख्नुपर्ने बताए । 'बेरुजु नआउनेगरी यहाँहरुले काम गर्न जरुरी छ । यसका लागि बनाएका नीति नियमको अधिनमा रहेर कार्यम्पादन गर्न जरुरी छ,' उनले भने-'आर्थिक अनुशासन कायम नहुँदासम्म सुशासन कायम हुन सक्दैन । यसलाई ख्याल गर्न जरुरी छ ।'

प्रदेश तथा स्थानीय तहका कार्यालयहरुमा लेखापरीक्षणको काम अघि बढेको, प्रारम्भिक प्रतिवेदनको जवाफ दिँदा धेरै समस्या आफैं समाधान भएर जाने भएकाले त्यसमा ध्यान दिन आग्रह गरे ।

# भाँगोको तेलमा दर्शकको आकर्षण



बुटवल । बुटवल मण्डपमा सञ्चालित औद्योगिक व्यापार मेलामा भाँगोको तेल पाइने स्टलमा दर्शकको आकर्षण देखिएको छ । रुकुम पूर्वको भुमे गाउँपालिका वडा नं. ३ मा रहेको मारिम बहुउद्देश्यीय सहकारी संस्था लि.ले बहुउपयोगी औषधीय गुण रहेको भाँगोको तेल उत्पादन गर्दै आएको छ ।

उक्त सहकारीले किसानद्वारा उत्पादित कृषि उपज तथा प्रशोधित बस्तुहरुको बिक्रीवितरणको लागि बुटवलमा सञ्चालित औद्योगिक व्यापार मेलामा स्टल राखिएको छ । मेलामा रहेको २४४ नं. स्टलमा उक्त सहकारीले किसानसँग उत्पादन गरेका कृषि उपजसहित प्रशोधित सामग्रीहरुको बिक्री वितरण गर्दै आइएको सहकारीका कर्मचारी हरिप्रसाद रोकाले बताए ।

जसमा उक्त सहकारीले औषधीय गुण रहेको बहुउपयोगी भाँगोको तेल, राडीपाखी, अल्लोको कपडालगायतका सामानहरु बिक्री वितरण भइरहेको उनले बताए । सहकारीलाई प्रदेश सरकार र पालिकाले तेल निकाल्ने मिल तथा अल्लोको कपडा बनाउने मेसिन खरिदमा अनुदान प्रदान गरेको थियो ।

त्यस्तै भुमे गाउँपालिकाका ९ वटै वडा तथा आसपासका क्षेत्रमा किसानले उत्पादन गरेका कृषि उपजको सहकारीले संकलन, प्रशोधन तथा बिक्रीवितरण र बजारीकरणको काम गर्दै आएको छ । युरिक एसिड, वाथ रोग, टाइफाइड तथा चिसोबाट बचाउन भाँगोको तेल उपयोगी हुने सहकारीका कर्मचारी रोकाले बताए ।

त्यस्तै मेलामा पाल्पाको भैरव च्याउ उद्योगको उत्पादनमा पनि अवलोकनकर्ताको भिड लागेको छ । विभिन्न प्रजातीका च्याउका प्रशोधित सामाग्रि बिक्री वितरण गर्दै आएको भैरव च्याउ उद्योगले मेलामा रातो च्याउको चिया, जुस, हलुवा, केकलगायतका उत्पादित बस्तु बिक्रीवितरण गर्दै आएको छ । मेलामा रहेको २४८ नं. स्टलमा उक्त उद्योगका परिकारको निःशुल्क स्वाद परीक्षण समेत गराउँदै आएको उद्योगका सञ्चालक केशब कार्कीले जनाए ।

मेलामा पहिलो पटक ल्याइएको दुबई फिस एक्युरियम तथा फिस टनेलमा दर्शकको भिड लागेको छ । दुबईको समुद्रमा हुने फिस टनेल बुटवलमा मात्रै नभएर नेपालमै नौलो हो । यो बुटवलमा पहिलो पटक ल्याइएको प्रचारप्रसार समितिका संयोजक दीपक चापागाईंले जानकारी गराए । मेलामा पहिलोपटक ल्याइएको दुबईको समुन्द्रमा मात्रै हेर्न पाइने फिस टनेलको अवलोकन गर्ने र फोटो भिडियो छायाङ्कन गर्नेको घुइचो नै लागेको छ ।

मेलामा सोमबार पनि दर्शकको उल्लेख्य सहभागिता रहेको मेला कार्यसम्पादन समितिका सदस्य सचिव तथा प्रवक्ता मुक्तिप्रसाद अधिकारीले जानकारी गराए । सोमबार लोक तथा दोहोरी गायक बमबहादुर कार्की, बद्री पंगेनी, आशा विसी, तेजु अर्याल, दुर्गा नेपाल, विष्णु सिंजाली मगर, डान्सर ललिता पाइजा मगरको प्रस्तुति रहेको सांस्कृतिक कार्यक्रम संयोजक निर्मित कसजूले जानकारी दिए ।

त्यस्तै मंगलबार लोक तथा दोहोरी गायक दीपक खड्का, रीतु कंडेल, बसन्त लम्साल, मञ्जु भट्टराई, समीक्षा बिसी, आधुनिक गायक अर्जुन कौशल, आभाष काफ्लेलगायतका कलाकारहरुको प्रस्तुति रहने पनि उनले बताए ।

# १४० युनिट रगत संकलन



बुटवल । परमेश्वरको मण्डली विश्व सू-समाचार समाज लुम्बिनीको आयोजनमा सोमबार रक्तदान कार्यक्रम गरिएको छ । निस्तार चाडको प्रेम, जीवन बचाउने प्रेम भन्ने नाराका साथ १५७२औं विश्वव्यापी रक्तदान अभियानको अवसरमा बुटवल परमेश्वर मण्डलीमा कार्यक्रम आयोजना गरिएको हो ।

नेपाल रेडक्रस सोसाइटी बुटवल शाखाको प्राविधिक सहयोगमा आयोजना गरिएको रक्तदानमा १४० युनिट संकलन भएको मण्डलीका सदस्य सुजन पुनले जानकारी दिए ।

कार्यक्रमको उद्घाटन गर्दै लुम्बिनी प्रदेशसभा सदस्य जमुना ढकालले रक्तदान जस्तो महत्त्वपूर्ण कार्य अरु हुन नसक्ने भन्दै हरेक व्यक्ति र समुदायले नियमित रक्तदान गर्नुपर्ने बताइन । नेपाली काङ्ग्रेस लुम्बिनी प्रदेश संसदीय दल प्रमुख सचेतक समेत रहेकी उनले मण्डलीले मातालाई उच्च प्राथमिकताका साथ लिएको थाहा पाउँदा निकै खुसि लागेको बताउँदै आमा ने सर्वस्व भएको तर्क गरिन् ।

कार्यक्रममा बुटवल उप-महानगरपालिकाका प्रवक्ता शिव रानाले रक्तदानजस्ता कार्यक्रम निरन्तर रुपमा हुनुपर्ने बताउँदै बुटवल उप-महानगरपालिकाकाको बासिन्दालाई निःशुल्क रगतको व्यवस्थापन गरिएको जानकारी गराए । नेपाल रेडक्रस सोसाइटी बुटवल शाखाका सदस्य सचिव राधा ज्ञवालीले आफूले दिएको रगतले कसैको ज्यान जोगिन्छ भने योभन्दा ठूलो दान अरु केही नहुने बताइन् । कार्यक्रममा समाजसेवी चिनञ्जिवी जोशी, एन्फा अध्यक्ष लोक पुनलगायतले बोलेका थिए ।

प्रदेश अध्यक्षको दिपेन्द्र श्रेष्ठ अध्यक्षता, पाल्पा तानसेन परमेश्वरको मण्डलीका प्रमुख धिरज राईको स्वागत र तथा प्रदेश समिति सदस्य जेम्स श्रेष्ठको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो । यसले वातावरण संरक्षण, रक्तदान, सरसफाइ, आपतकालीन राहत वितरणलगायतका सामाजिक उत्तरदायित्वक कामहरु समेत गर्दै आएको छ ।

रक्तदान कार्यक्रममा लुम्बिनी प्रदेशका विभिन्न जिल्लाबाट रक्तदाताहरु आएका थिए ।

# पाँचौं अधिवेशन आह्वानका लागि सिफारिस

देउखुरी । लुम्बिनी प्रदेश सरकारले प्रदेश सभाको पाँचौं अधिवेशन आह्वानकालागि प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने निर्णय गरेको छ ।

मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा सोमबार सम्पन्न प्रदेश मन्त्रिपरिषद् बैठकले आगामी पुस १६ गते दिउँसो २ बजे प्रदेशसभाको पाँचौं अधिवेशन आह्वानकालागि प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने निर्णय गरेको सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थीले जानकारी दिए ।

'पाँचौ अधिवेशन आह्वानकोलागि प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने निर्णय भएको छ,' मन्त्री पन्थीले भने-'अब सदन चल्छ र नियमित छलफल हुन्छन् ।'

भदौ ३१ गते चौथो अधिवेशन अन्त्य भएको थियो । साढे तीन महिनापछि पाँचौं अधिवेशनको बैठक बस्न लागेको हो । यस्तै बैठकले प्रदेश चलचित्र विधेयकको अवधारणापत्रमा सैद्धान्तिक सहमती प्रदान गर्ने निर्णय गरेको छ ।

# लुम्बिनी प्रदेश खेलकुद परिषद्का नव नियुक्त सदस्यहरूको शपथ



देउखुरी । लुम्बिनी प्रदेशका मुख्यमन्त्री तथा प्रदेश खेलकुद परिषद्का अध्यक्ष चेतनारायण आचार्यले प्रदेश खेलकुद परिषद्का नव नियुक्त सदस्यहरुलाई शपथ ग्रहण गराएका छन् ।

सोमबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका देउखुरीमा सम्पन्न परिषद्को पूर्ण बैठकमा नव नियुक्त सदस्यहरुलाई शपथ ग्रहण गराएका हुन् ।

खेलकुद परिषद्का सदस्यहरु लेखनाथ खनाल, बलबहादुर केसी, मुक्तिप्रसाद न्यौपाने, गोपिकृष्ण शर्मा, हरिबहादुर थापा, लालबहादुर घर्तीमगर, महेश काउछा, राजु महर्जन, कोशिष बहादुर खड्का, विकास घिमिरे, दिपेन्द्रकुमार डाँगी, जंगबहादुर मल्ल, कैलाशकुमार रोका, कल्पना आचार्य, दिपक खनाल, प्रकाश आर रानाले शपथ ग्रहण गरेका हुन् ।

यस्तै बैठकले ४ वटा कार्यविधि र एउटा निर्देशिका पारत गरेको खेलकुद परिषद्का सदस्य सचिव तिरणदाज गौतमले जानकारी दिए ।

'प्रदेश खेलकुद परिषद्ले पूर्णता पाएको छ । नव नियुक्त सदस्यहरुको शपथ भएको छ,' उनले भने-'बैठकले कार्यविधि र निर्देशिका पारित समेत गरेको छ ।'

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि) यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com